वर्ष ४, अंक ३
चैत्र २०६९, March 2013

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



प्रिय मित्रहरू,

हामी वि.सं २०६९ सालको समाप्तीको संघारमा उभिएका छौं । राजनैतिक अस्थिरताका कारणले देशको आर्थिक क्षेत्रमा निकै नै असर परिरहेको अवस्थामा प्रत्यक्ष तथा परोक्ष रूपमा लेखाव्यवसायमा पनि यसको असर देखिएको छ । भर्खर मात्र गठन भएको निर्वाचन सरकारको गठनले राजनैतिक अन्यौलताताको अन्तहुने तथा आर्थिक एजेन्डाले प्राथमिकता पाउने आशा गरिएको छ । यस अवस्थाका अलावा पनि संस्था आफ्ना क्रियाकलापमा अघि बढ्न सक्षम भएको छ । यस अवधिमा संस्थाले गरेका केही महत्वपूर्ण क्रियाकलापको विवरण निम्नानुसार रहेका छन् ।

### CAPA मिटिङ्ग तथा अन्तर्राष्ट्रिय कन्फरेन्स

संस्थाले मार्च ८, २०१३ मा Confederation of Asian and Pacific Accountants संयोजनमा International Conference on Strengthening Public Sector Accounting and Auditing" विषयक अन्तर्राष्ट्रिय कन्फरेन्स गरेको अवसर पारेर मार्च ७, २०१३ मा काठमाडौंमा संस्थाले Public Sector Financial Management Committee को बैठक समेत आयोजना गऱ्यो । कापाका अध्यक्ष Mr Keith Wedlock र PSFM कमिटीका अध्यक्ष Mr. Geoff Applebee तथा १० देशबाट २५ जना बिदेशी सहभागीहरूले बैठक तथा कन्फरेन्समा भाग लिएका थिए । कन्फरेन्समा बक्ताको रूपमा एशिया तथा प्रशान्त क्षेत्रका तथा विश्व बैंकका बिशिष्ठ व्यक्तित्वहरू रहनु भएको थियो । प्रमुख अतिथिको रूपमा कार्यक्रमको शुभारम्भ अर्थ सचिव श्री शान्त राज सुवेदीले गर्नु भएको थियो ।

कन्फरेन्समा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको कार्यालय, विश्व बैंक, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखामान तथा लेखापरीक्षणमान बोर्डका प्रतिनिधिहरूले भाग लिएका थिए । विश्व विकास, क्षेत्रीय अवस्था तथा नेपालको सार्वजनिक क्षेत्र बित्तीय व्यवस्थापनलाई मुख्य विषय बनाई कन्फरेन्समा छलफल गरिएको थियो ।

कन्फरेन्स पश्चात बिभिन्न सरोकालवालाहरू समेटी Round Table Discussion समेत आयोजना गरिएको थियो । जसको उद्देश्य नेपालमा सार्वजनिक बित्तीय व्यवस्थापन कार्यान्वयनमा सरोकारवालाहरू वीचको समन्वयात्मक दायित्व तथा हालको स्थितिका बारेका छलफल गर्नु रहेको यस कार्यक्रममा IPSAS को कार्यान्वयन सम्बन्धमा समेत छलफल भएको थियो ।

### शिक्षा तर्फ

नेपालमा सिए शिक्षाको विकास सधै नैं हाम्रो प्रमुख प्राथमिकतामा रहेको छ । संस्थाले शिक्षाको विकासको निमित्त तथा हाम्रा बिद्यार्थीको हक हीत तथा सुविधाका निमित्त निकैने कडा परिश्रम गर्दै आईरहेको छ । हाल संस्थाले CAP I , CAP II तथा CAP III तहको पाठ्यक्रमको विकास गरिसकेको छ । साथै जुन २०१३ का परीक्षाको निमित्त CAP II तथा CAP III तहको रिभिजन टेस्ट पेपर तयार पारिसकिएको छ । त्यसको अलावा जुन २०१३ देखि लागु हुने गरी CAP I तहको नयां पाठ्यक्रम अनुसार परीक्षा संचालन गर्दैछ ।

डिसेम्बर २०१२ को सिए अन्तिम परीक्षाको नतिजा समयमै प्रकाशित गरिएको छ । नतिजा अनुसार २१ बिद्यार्थीले अन्तिम तहको परीक्षा उत्तीर्ण गरेका छन् । बिद्यार्थीहरूले जुन २०१३ बाट बिराटनगर, बुटवल तथा पोखरा परीक्षा केन्द्रबाट परीक्षा दिन पाउने भएका छन् । यसबाट बाहिरबाट

## संस्थाको १६औं वार्षिकोत्सव सम्पन्न



संस्थाका अध्यक्ष वार्षिकोत्सवको उपलक्ष्यमा संम्बोधन गर्नुहुदै ।

२०६९ माघ १७ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आफ्नो १६औं वार्षिक उत्सव कार्यक्रम भव्यताका साथ सम्पन्न गऱ्यो । कार्यक्रममा कार्यबाहक महालेखा परीक्षक श्रीमती बिमला सुवेदी प्रमुख आतिथिको रूपमा रहनु भएको थियो भने अतिथीको रूपमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा तथा धितोपत्र बोर्डका अध्यक्ष श्री बावुराम श्रेष्ठ रहनुभएको थियो ।

उक्त कार्यक्रममा संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले संस्थाको वार्षिक गतिविधि माथि प्रकाश पार्नुका साथै भावी योजनाका बारेमा जानकारी प्रदान गर्नु भएको थियो । साथै उहांले लेखाव्यवसायमा संग्लग्न सबैले समाज तथा राष्ट्रको अपेक्षा पूरा गर्न लागिपर्नुपर्ने जसबाट लेखाव्यवसायको विकास र विस्तारमा समेत टेवा पुग्ने धारणा व्यक्त गर्नु भएको थियो ।

त्यस्तै कार्यबाहक महालेखा परीक्षक श्रीमती बिमला सुवेदीले छोटो समयमा नै संस्थाले हासिल गरेको उपलब्धीको प्रशंसा गर्नुहुंदै संस्थाले लेखाव्यवसायमा खेलेको महत्वपूर्ण भूमिकाको सह्राना गर्नुभएको थियो साथै उंहाले लेखा व्यवसायमा देखिएका चुनौतिहरूको सामना गर्न संस्था सक्षम होस् भन्ने धारणा समेत व्यक्त गर्नुभएको थियो । सोही क्रममा उहांले लेखापरीक्षण व्यवसायलाई मर्यादित तथा व्यवसायिक बनाउनु पर्नेमा जोड दिनुका साथै सदस्यहरूले आचार संहीता तथा अनुशासन पालना गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । अनुशासन कमिटीले अनियमित कार्यको यकिन गरी यस्ता अनियमित कार्यगर्ने सदस्यहरूलाई कारबाही गर्नुपर्ने तथा यसलाई अझ प्रभावकारी रूपमा अघि बढाउनुपर्ने धारणा राख्नुभएको थियो । सदस्यहरूले कुनै प्रकारको प्रलोभनमा नपरी नीतिसंगत ढंगबाट लेखापरीक्षण गरेमा लगानी प्रबर्द्धन हुन सक्ने धारणा राख्नहुँदै उहाँले सम्बन्धित निकायहरूसंग समन्वय गरी अघि बढ्नु पर्ने कुरामा समेत जोड दिनुभएको थियो ।

त्यसैगरी, अतिथी द्वय नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा तथा धितोपत्र बोर्ड नेपालका अध्यक्ष श्री बावुराम श्रेष्ठले संस्थाले हासिल गरेको उपलब्धीको प्रशंसा गर्नुहुंदै संस्थाले खेलेको महत्वपूर्ण

परीक्षा दिने विद्यार्थीहरूले आफ्नो गृह जिल्ला तथा पायक पर्ने परीक्षा केन्द्रबाट परीक्षा दिने मौका पाउंदा उनीहरुको आत्म बिश्वास बढ्ने समेत बिश्वास लिईएको छ ।

### शाखा क्रियाकलाप तर्फ

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०६९/१२/२३ गते बिधिवत रूपमा उद्घाटन गरी चौथो शाखा पोखरामा शुरु गऱ्यो । यस शाखाको स्थापना पश्चात त्यस क्षेत्रका बिद्यार्थी तथा सदस्यहरूलाई सरल तथा सहज रूपमा आफ्नो कार्य गर्ने स्थान उपलब्ध भएको छ । यस शाखा स्थापना पश्चात बिद्यार्थीहरूलाई अध्ययन गर्नका लागि साधन सम्पन्न पुस्तकालयको स्थापना गरिनेछ । शाखाको माध्यमबाट शैक्षिक क्रियाकलापहरू संचालन गरिनेछ र यसले आशातित रूपमा सिए शिक्षा अध्ययन गर्न चाहने यस क्षेत्रका बिद्यार्थीहरुको संख्यामा बृद्धि गर्नेछ भन्ने बिश्वास गरिएको छ ।

शाखालाई सुविधा सम्पन्न बनाउने तथा शाखाको क्रियाकलापहरू बृद्धि गर्ने नीति अनुरूप बिराटनगर शाखालाई हाल भईराखेको स्थानबाट सदस्यहरू तथा बिद्यार्थीहरूलाई बढी पायक पर्ने स्थानमा स्थानतरण गर्ने निर्णय गरिएको छ । यसबाट सिए शिक्षा अध्ययन गर्न चाहने यस क्षेत्रका बिद्यार्थीहरुको संख्यामा बृद्धि हुने तथा सदस्यहरूलाई समेत सुविधा पुग्नेछ भन्ने विश्वास गरिएको छ ।

### Members in Industry कार्यक्रम सम्बन्धमा

उद्योगसंग सम्बन्धित भई बिभिन्न पेशा तथा तहमा आबद्ध व्यक्तित्वहरू हाम्रा महत्वपूर्ण सदस्यहरू हुन् । संस्थाले यस क्षेत्रसंग सम्बन्धित व्यक्तिहरूलाई खासै चासो नदिएको तथा उनीहरुका चासोका विषयमा संस्थाले ध्यान पुऱ्याउन नसकेका भन्ने गुनासाहरू यदाकदा सुन्नमा आएका छन् । उद्योगसंग सम्बन्धित सदस्यहरूले सदस्यता नवीकरणमा समेत त्यति चासो नदिएको पाईएकोले उहांहरुको संस्थासंगको आकांक्षा तथा व्यवसायिक आवश्यक्ता तथा संस्थाको उत्तरदायित्व मनन गरी छैठौं परिषदले Members in Industry समिति स्थापना गरेको तथा सो बारे अन्तरक्रिया कार्यक्रम समेत आयोजना गरिएको थियो ।

### संस्थाको बार्षिक उत्सव तथा संस्थागत सुशासन (कर्पोरेट गभर्नेन्स) सेमिनार सम्बन्धमा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०६९ माघ १७ गते आफ्नो १६औं वार्षिक उत्सव कार्यक्रम भव्यताका साथ मनायो । संस्थाको यस औपचारिक कार्यक्रममा कार्यबाहक महालेखा परीक्षक श्रीमती बिमला सुवेदी, नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा तथा धितोपत्रबोर्ड नेपालका अध्यक्ष श्री बाबुराम श्रेष्ठले आफ्नो मन्तव्य राख्नु भएको थियो । हाल Corporate Governance को चर्चा जतातते सुनिन्छ र यो मुखेबोली सरह भएको छ । आर्थिक क्षेत्रसंग सम्बन्ध राख्ने हरेकले Corporate Governance को प्रयोगलाई कडाईका साथ पालना नगर्ने हो भने देशको आर्थिक विकास तथा देशको उन्नतीका लागि न लगानी आकर्षण गर्न सकिन्छ नत सार्वजनिक अपेक्षालाई संरक्षण गर्न सकिन्छ । त्यसैलाई मध्यनजरगरी संस्थाले वार्षिक उत्सवको मौका पारेर धितोपत्र बोर्ड नेपालसंगको सहकार्यमा Corporate Governance सम्बन्धी एक दिवसीय सेमिनारको समेत आयोजना गरेको थियो । भूमिकाको सह्राना गर्नुभएको थियो साथै उहांहरूले संस्थाको उत्तरोत्तर प्रगतिको कामना समेत गर्नुभएको थियो । यसै क्रममा श्री श्रेष्ठले जनशक्तिको अभावको कारणबाट अनुगमनमा कठिनाई भइरहेको तै पनि शुसासनको निमित्त बोर्ड पनि संस्थासंग हातेमालो गर्दै अघि बढ्न तयार रहेको धारणा समेत व्यक्त गर्नुभएको थियो । सोही अवसरमा डा. खतिवडाले नेपाल राष्ट्र बैक तथा संस्था वीच निकै ठूलो समन्वयको आवश्यकता रहेको धारणा राख्नु हुंदै हालका दिनमा समन्वयको क्रम पनि बढ्दै गएको जानकारी समेत गराउनु भएको थियो ।

उक्त अवसरमा संस्थाद्वारा संचालित जुन तथा डिसेम्वर २०१२ को अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने बिभिन्न तहका बिद्यार्थीहरूलाई कार्यवाहक महालेखापरीक्षक श्रीमती सुवेदीले पदक तथा प्रमाणपत्रबाट वितरण गर्नुभएको थियो साथै यस वर्ष संस्थामा उत्कृष्ट योगदान पुऱ्याउने कर्मचारीहरू बरिष्ठ सहायक विपिन राज तिवारी तथा सहायक सनोज भट्टराईलाई प्रंशसापत्र प्रदान गर्नुभएको थियो । उक्त अवसरमा उहांले नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले वार्षिक उत्सवको अवसर पारेर आयोजना गरेको खेलकुद कार्यक्रमका बिजयीहरूलाई पुरस्कार समेत प्रदान गर्नुभएको थियो ।

अन्तमा, संस्थाका उपाध्यक्ष सिए. महेश कुमार गुरागाईले मन्तव्य सहित उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा संस्थाका पूर्व अध्यक्षहरू, पार्षदहरू तथा विभिन्न क्षेत्रका महानुभावहरुको उपस्थिति रहेको थियो ।

### Information System Audit सम्बन्धमा

हाल लेखा तथा लेखापरीक्षणको क्षेत्रमा सूचना प्रबिधिको प्रयोग दिन प्रतिदिन बढ्दै गईरहेको पाईन्छ । हाल विश्वमा धेरै भन्दा धेरै व्यापारिक संगठनहरूले सूचना प्रबिधिका सफ्टवेयरहरुमा बिश्वास गरेकाले आफ्ना कारोवारका रेकर्डहरू पेपरलेस बनाउंदै गएका छन् । तसर्थ, Professional Accountants को निमित्त पर्याप्त मात्रामा कम्प्युटरको व्यवहारिक ज्ञान तथा तरिकाहरू आवश्यक हुन्छन् । Information System Audit को माध्यमबाट व्यवसायिक क्षमतामा अभिवृद्धि गरी आफ्नो कौशल प्रस्तुत गर्नु आवश्यक हुन्छ । संस्थाले सदस्यको प्राविधिक क्षमता अभिबृद्धिका निमित्त गरेको बिभिन्न पहलको कारणबाट ICAI को प्राविधिक सहयोगमा १२ दिने १०० घण्टाको Information System Audit कोर्ष संचालन भएको हो । तालिममा ३३ जनाको सहभागिता रहेको थियो ।

### अन्तर्राष्ट्रिय नेटवर्किङ तथा अनुभव आदान प्रदान

संस्थाले अन्तर्राष्ट्रिय नेटवर्किङ तथा अनुभव आदान प्रदानको माध्यमलाई विश्व सामु आफूलाई चिनाउने तथा विश्वबाट सिक्ने अवसरको रूपमा लिएको हुंदा अन्तर्राष्ट्रिय नेटवर्किङ तथा अनुभव आदान प्रदानलाई सधै उच्च प्राथमिकतामा राखेको छ । अन्तर्राष्ट्रिय पहिचान बनाउनु संस्थाको सफलता हो । अन्तर्राष्ट्रिय पहिचानको लागि संस्थाले बिभिन्न फोरममा भाग लिनुका साथै बिभिन्न लेखाव्यवसायी संस्थाका प्रमुख तथा प्रतिनिधिहरूसंग अन्तरक्रिया गर्दै आएको छ । यसै अवधिमा हामीले बंगलादेशमा भएको साफा बोर्ड तथा कमिटी मिटिङमा भाग लिएका थियौं । मलेसियामा भएको भ्रमणमा मलेसीयन ईन्स्टिच्यूट अफ एकाउन्टेन्ट्सका अध्यक्ष संग भेटगरी ICAN तथा MIA वीच MOU का बारेमा छलफल गरेका थियौं । दुई देश बीचको MOU करिव करिव अन्तिम चरणमा पुगेको छ । यसै क्रममा मैले भारत भ्रमण गरी ICAI का अध्यक्षसंग भेट गरी MRA का विषयमा छलफल गरेको थिएं । उक्त अवसरमा सम्भाव्य आपसी सहयोगका नयां क्षेत्रको बारेमो कुरा समेत गरेको थिएं । बिभिन्न संगठनहरूसंग संस्थाको आपसी एकता बढ्दै गएको छ । चार्टर्ड एकाउन्टेन्टहरुको बढदो संख्यासंगै संस्थाको उत्तरदायित्वमा बृद्धि हुदैं गएको छ । तसर्थ हामीले हाम्रा सदस्यहरुका लागि नयां अवसरहरू खोजीगरी देखा पर्न सक्ने चुनौतिको सामना गर्दै अगाडि बढ्नु पर्ने तड्कारो आवश्यकता देखिएको छ । परिषदका सदस्यहरू, पूर्व अध्यक्षहरूले सदा भैं अगाडि बढी संस्थाको उद्देश्य पूर्ति गर्न योगदान पुऱ्याउनु हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ । संस्थाको विकासमा बिभिन्न नियमनकारी निकाय तथा सरकारको सहयोग अतिनै आवश्यक हुन्छ र सो प्राप्त हुनेछ भन्ने मलाई लाग्दछ ।

नयां बर्षले नयां उमगं, नयां सोच तथा लेखाव्यवसायको मूल्य मान्यतामा बृद्धि गरोस र सबैलाई यस व्यवसायको माध्यमबाट एकजुट हुने अवसर प्रदान गराओस ।

नयां बर्ष २०७० को मंगलमय शुभकामना ।

सिए. मधु विर पाण्डे
अध्यक्ष

## कर्पोरेट गभर्नेन्स सेमिनार सम्पन्न



ICASL का कर्पोरेट गभर्नेन्स कमिटीका अध्यक्ष Mr. Asite Talwatte, Key Notes Speech दिनुहुदै ।

२०६९ माघ १७ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १६औं वार्षिक उत्सवको अवसर पारेर नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा धितोपत्र बोर्ड नेपालको संयुक्त आयोजनामा कर्पोरेट गभर्नेन्स सम्बन्धी सेमिनार सम्पन्न भयो । उक्त सेमिनारमा कर्पोरेट गभर्नेन्स सम्बन्धी समसामयिक विषयमा विस्तृत रूपमा छलफल भएको थियो । संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे तथा धितोपत्र बोर्ड नेपालका अध्यक्ष श्री बाबुराम श्रेष्ठले आफ्नो धारणा राख्नुभएको उक्त कार्यक्रम The Insttitute of Chartered Accountants of Sri Lanka का कर्पोरेट गभर्नेन्स कमिटीका अध्यक्ष Mr. Asite Talwatte प्रमुख वक्ताको रूपमा रहनु भएको थियो । उहांले उक्त अवसरमा कर्पोरेट गभर्नेन्सको महत्व तथा आवश्यक्ताका बारेमा जानकारी प्रदान गर्नुभएको थियो ।

तीन सत्रमा बिभाजित सेमिनारको प्रथम सत्रमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य जनक राज शाहले Corporate Governance and Investors Protection सम्बन्धी आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो सत्रको अध्यक्षता नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महा प्रसाद अधिकारीले गर्नुभएको थियो । त्यसैगरी सेमिनारको दोश्रो सत्रमा सिए. ज्ञानेन्द्र ढुङ्गानाले Role of Accounting Profession in Corporate Governance सम्बन्धमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो सत्रको अध्यक्षता संस्थाका प्रथम अध्यक्ष सिए. कोमल बहादुर चित्रकारले गर्नुभएको थियो । सेमिनारको अन्तिम सत्रमा Public Enterprises Directive Board का अध्यक्ष श्री बिमल वाग्लेले Contemporary Issues in Corporate Governance in Nepal को विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने सो सत्रको अध्यक्षता भूतपूर्व अध्यक्ष सिए. कौशलेन्द्र कुमार सिंहले गर्नुभएको थियो ।

अन्तमा, संस्थाका पार्षद सिए. नरेन्द्र भट्टराईले कार्यक्रममा विभिन्न क्षेत्रका सहभागी तथा उपस्थित सबैमा धन्यवाद दिनुहुँदै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

सेमिनारमा सहभागिता जनाउने संस्थाका सदस्यहरूलाई ५ सिपिई क्रेडिट आवर प्रदान गरिएको थियो ।

## अन्तर्राष्ट्रिय कापा कन्फरेन्स सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा कापा (Confederation of Asian and Pacific Accountants) को संयुक्त आयोजनामा २५ फाल्गुण २०६९ (८ मार्च, २०१३) का दिन Strengthening Public Sector Accounting And Auditing in Nepal सम्बन्धी एक अन्तर्राष्ट्रिय कन्फरेन्स सम्पन्न भयो । उक्त अन्तर्राष्ट्रिय कन्फरेन्समा नेपाल लगायत १० भन्दा बढी राष्ट्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । उक्त कन्फरेन्सको उद्देश्य नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन क्षेत्रको



CAPA Conferance का प्रतिनिधिका साथ अध्यक्ष सिए. मधु विर पाण्डे ।

सुधार तथा प्रगतिमा देखिन सक्ने समस्या तथा नेपालको वर्तमान तथा भविष्यमा सार्वजनिक वित्तीय व्यवस्थापन क्षेत्रका बिकासका कार्यक्रमहरूमा योगदान पुऱ्याउनु रहेको थियो ।

कार्यक्रमको सुभारम्भमा संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे, कापाका अध्यक्ष केइथ वेडलक तथा प्रमुख अतिथिको रूपमा अर्थ सचिव श्री शान्त राज सुवेदीले आफ्नो धारणा राख्नुभएको थियो ।

कापाका प्रमुख कार्यकारी ब्रियन ब्लडले Effective Public Sector Financial Management and Economic Development सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

त्यस्तै वर्ल्ड बैंक, नेपाल कन्ट्री अफिसका सिनीयर अपरेसन अफिसर श्री विज्ञान प्रधानले सार्वजनिक क्षेत्र वित्तीय व्यवस्थापनका विकासका बारेमा क्षेत्रीय धारणा राख्नुभएको थियो । सोही क्रममा कोरिया, पाकिस्तान, युके तथा श्रीलंकाका प्रतिनिधिहरूले सार्वजनिक क्षेत्रको लेखा, लेखापरीक्षण तथा वित्तीय व्यवस्थापनका सम्वन्धमा देखिएका चुनौति, आ आफ्नो धारणा तथा राष्ट्रिय अनुभवलाई प्रस्तुत गर्नुभएको भएको थियो ।

राष्ट्रको अनुभव प्रस्तुत गर्ने क्रममा KPMG कोरियाका उपाध्यक्ष तथा कोरीयन इन्स्टिच्युट अफ सर्टिफाईड पब्लिक एकाउन्टेन्ट्सका उपाध्यक्ष योङ जिन पार्कले The Improvement Journey in Korea- A Structured Approach Since 2007 प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी पब्लिक सेक्टर कमिटी, आईसिए पाकिस्तानका ( ICAP) अध्यक्ष मुहम्मद अब्दुल्लाह युसुफले Project to Improve Financial Reporting and Auditing(PIFRA)- Lesson from Phase I and intentions in Phase II का बारेमा आफ्नो धारणा तथा अनुभव प्रस्तुत गर्नु भएको थियो । धारणा तथा अनुभव प्रस्तुत गर्ने क्रममा आईसिए ईङ्गलैण्ड एण्ड वेल्स (ICAEW's)का रेगुलेटरी पोलिसी मेनेजर सुमिता साहले Building Blocks to Better Public Sector Financial Management का बारेमा आफ्नो प्रस्तुति प्रस्तुत गर्नुभएको थियो । अनुभव प्रस्तुत गर्ने क्रममा Pricewaterhousecoopers श्रीलंकाका पार्टनर तथा कापाका डेपुटी प्रेसिडेन्ट सुजिवा मुडालिगले श्रीलंकाको अनुभव प्रस्तुत गर्नुभएको थियो । उहांले Reforming the Auditor General's Office- The Sri Lankan Experience प्रस्तुत गर्नुभएको थियो। सोही क्रममा सार्वजनिक क्षेत्रको व्यवसायिकरण गर्ने सम्बन्धमा समेत कार्यपत्र प्रस्तुत भएको थियो । कार्यपत्र प्रस्तुत गर्नेक्रममा चार्टर्ड इन्स्टिच्युट अफ पब्लिक फाईनान्स एण्ड एकाउन्टेन्सीका अन्तर्राष्ट्रिय डाईरेक्टर एलन एडवार्डस्ले Global Steps to Better Public Financial Management विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

त्यसैगरी, स्थानीय विकासका सम्बन्धमा नेपालको तर्फबाट भूतपूर्व अर्थ सचिव श्री रामेश्वर खनालले Progress of Public Sector Financial Management in Nepal सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा नेपालको Public Sector Financial Management का

सहभागीहरूले उठाएको प्रश्नहरू मथि गहन छलफल भएको थियो ।

अन्तमा, संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले कार्यक्रमका सहभागीहरू तथा सेमिनरलाई संयुक्त रूपमा संचालन गर्ने CAPA लाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

## नेपाल पब्लिक सेक्टर राउन्ड टेबल




नेपाल पब्लिक सेक्टर राउन्ड टेबलको एक झलक ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था तथा Confederation of Asian and Pacific Accountants (कापा) को संयुक्त आयोजनामा भएको अन्तर्राष्ट्रिय कापा कन्फरेन्सको अवसर पारेर संस्थाले कापाको सहकार्यमा पब्लिक सेक्टर राउन्डटेबल मिटिङ्गको आयोजना गऱ्यो । उक्त राउन्डटेबल मिटिङ्गको उद्देश्य सरोकारवालाहरू वीच नेपालले सार्वजनिक क्षेत्र वित्तीय व्यवस्थापन (Public Sector Financial management) विकासमा देखाएको चासोको सन्दर्भमा आफ्नो धारणा तथा अनुभव प्रस्तुत गर्नुका साथै नगदमा आधारित सार्वजनिक क्षेत्र एकाउन्टिङ्ग स्टान्डर्ड (Cash Based Public Sector Accounting Standards) को परिचय गराउनु रहेको थियो ।

कार्यक्रमको शुरूआतमा सहभागीहरूलाई स्वागत गरिनुका साथै सहभागीहरू वीच परिचयको आदान प्रदान भएको थियो । दुई चरणमा बिभाजन गरिएको उक्त छलफल कार्यक्रममा सार्वजनिक क्षेत्र वित्तीय व्यवस्थापनको बारेमा विस्तृत रूपमा छलफल हुनुको साथै अन्तराष्ट्रिय अनुभवहरूको समेत आदान प्रदान भएको थियो ।

उक्त कार्यक्रममा बिभिन्न संस्थाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधि गरी ४२ जना प्रतिनिधिहरूले सहभागिता जनाएका थिए ।

## ईन्फरमेसन सिस्टम अडिट (आईएसए) कोर्ष सम्पन्न



ISA Course का सहभागीका साथ ICAN संस्थाका पदाधिकारीहरू ।

नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाले ICAI को प्रविधिक सहयोगमा ईन्फरमेसन सिस्टम अडिट (आईएसए) कोर्ष संचालन गऱ्यो । २० जनवरी २०१३ देखि ३१ जनवरी २०१३ सम्म जम्मा १२ दिन संचालित उक्त कोर्षको उद्देश्य चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको सूचना प्रविधिको क्षेत्रमा व्यवसायिक विकास, सूचना प्रविधिको सिस्टम विकास तथा सूचना प्रविधिको लेखापरीक्षणको विकासमा सहयोग पुऱ्याउनु रहेको थियो । चार्टर्ड एकाउन्टेन्टहरूलाई प्राविधिक रूपमा समेत सक्षम बनाउने उद्देश्यले संस्थाले यो कोर्ष संचालनमा ल्यांउदै आएको छ । ३३ जनाको सहभागिता रहेको यस कोर्षले १०० घण्टाको तालिम अवधिलाई समेटेको थियो ।

## अन्तरक्रिया कार्यक्रम सम्पन्न




संस्थाका भूतपूर्व अध्यक्ष एवं ईन्डसट्रीयल कमिटीका अध्यक्ष सिए. विजय कुमार अग्रवाल कार्यक्रममा संम्बोधन गर्नुहुदै ।

२१ फाल्गुण २०६९ मा ईन्डसट्रीयल कमिटी, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले औद्योगिक क्षेत्रसंग सम्बन्धित चार्टर्ड एकाउन्टेन्टहरूलाई समावेश गरी काठमाडौंमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । Let's join Hands for a Better Professional Environment नामक उक्त अन्तरक्रिया कार्यक्रमको उद्देश्य औद्योगिक क्षेत्रसंग सम्बन्धित व्यवसायी तथा कर्मचारीहरू वीच समन्वय र सहकार्य स्थापना गर्नुरहेको थियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका भूतपूर्व अध्यक्ष एवं ईन्डसट्रीयल कमिटीका अध्यक्ष सिए. विजय कुमार अग्रवालको स्वागत मन्तव्यबाट कार्यक्रमको शुरूआत भएको थियो । स्वागतको क्रममा उहांले उक्त क्षेत्रसंग सम्बन्धित सवैमा सहकार्यको आवश्यकता रहेको बताउनु भएको थियो ।

नेपाल कमर्ज एण्ड ट्रष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सिए. अनल राज भट्टराईले कार्यक्रममा उक्त विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महा प्रसाद अधिकारीले सहभागी माझ विशेष सम्बोधन गर्नु भएको थियो ।

कार्यक्रममा बैकिंङ्ग, वीमा, निर्माण, पर्यटन, हवाई, सूचना प्रविधि क्षेत्र, महालेखा परीक्षकको कार्यालय, तथा अन्य नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, वीमा समिति आदिका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो ।

अन्तमा संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले सहभागी सबैलाई धन्यवाद दिंदै कार्यक्रमको समापन भएको घोषणा गर्नु भएको थियो ।

# शिक्षा तथा परीक्षा विभाग सम्बन्धमा

## सदस्यता परीक्षा नतीजा प्रकाशित

संस्थाको सदस्यता परीक्षाको प्रावधान अनुसार नोभेम्वर २०१२मा संचालित सदस्यता परीक्षाको परीक्षाफल प्रकाशित भएको छ । परीक्षाको नतिजा अनुसार २३ परीक्षार्थी सदस्यताको लागि योग्य भएका छन् । उक्त परीक्षाको निमित्त १२५ जनाको आवेदन परेकोमा जम्मा ११७ जना परीक्षार्थी मात्र परीक्षामा सामेल भएका थिए ।

## चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षाको परीक्षाफल प्रकाशित

डिसेम्बर २०१२ मा संचालित चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षाको परीक्षाफल परीक्षा समितिको निर्णयानुसार प्रकाशित भएको छ । परीक्षाको नतिजा अनुसार CAP I तहका २४० बिद्यार्थीहरू CAP II को निमित्त योग्य भएका छन् भने CAP II तहका १२० बिद्यार्थीहरू CAP III तहको निमित्त योग्य भएका छन् साथै CAP III उत्तीर्ण गरेका २१ जना बिद्यार्थीहरु संस्थाको सदस्यताको लागि योग्य भएका छन् । २१ जना मध्ये ११ जना फाईनल तहका तथा १० जना CAP III तहका रहेका थिए ।

**२०१२ डिसेम्बर परीक्षामा उत्तीर्ण भएका तहगत रूपमा बिद्यार्थीको संख्या**

| क्र.सं | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १. | फाउन्डेसन | ० | ० | ० | ० |
| २. | ईन्टरमिडियट | ० | ० | ० | ० |
| ३. | फाईनल | ० | ११ | २ | १३ |
| ४. | CAP I | १५३ | ७८ | ८६ | ३१७ |
| ५. | CAP II | ४० | ५५ | ८१ | १७६ |
| ६. | CAP III | १ | ६ | १७ | २४ |

## वर्गवृद्धि नतिजा सम्बन्धमा

संस्थाको ग तथा घ वर्गका रजिष्टर्ड अडिटर सदस्यहरूको वर्गवृद्धि गर्ने प्रावधान अनुरूप २०६९ सालमा संस्थाले ७ जना सदस्यको वर्गवृद्धिको लागि स्वीकृति प्रदान गरेको छ । नतिजा अनुसार ६ जना ग वर्गका सदस्यहरूलाई ख वर्गमा तथा १ जना घ वर्गका सदस्यलाई ग वर्गमा वर्गोन्नती गर्न स्वीकृति प्रदान गरिएको हो । संस्थाले वार्षिक रूपमा ग तथा घ वर्गका सदस्यहरूलाई वर्गवृद्धि गर्दै आईरहेको छ ।

| क्र.सं | सदस्यको नाम | सदस्यता नं. | स्वीकृति प्रदान |
|---|---|---|---|
| १ | श्री हरिहर उप्रेती | ३०६८ | ग वर्ग बाट ख वर्गमा |
| २ | श्री रमोद ढुङ्गाना | ५३२८ | ग वर्ग बाट ख वर्गमा |
| ३ | श्री तेज नारायण श्रेष्ठ | ३०१३ | ग वर्ग बाट ख वर्गमा |
| ४ | श्रीमती लक्ष्मी कुमारी पाण्डे | ४५६२ | ग वर्ग बाट ख वर्गमा |
| ५ | श्री मधु प्रसाद खनाल | ३४०२ | ग वर्ग बाट ख वर्गमा |
| ६ | श्री राजेन्द्र प्रसाद ढुङ्गाना | ३४३६ | ग वर्ग बाट ख वर्गमा |
| ७ | श्री भवानी दत्त भट्ट | २७७२ | घ वर्ग बाट ग वर्गमा |

## जिएमसिएस (GMCS) तालिम सम्बन्धमा




GMCS तालिमका सहभागीका साथ संस्थाका पदाधिकारीहरू ।

संस्थाद्वारा विभिन्न समयमा संचालित CAP III तथा फाईनल तहको परीक्षा उत्तीर्ण भएका तथा परीक्षामा सामेल भएका बिद्यार्थीहरूले क्षमता अभिवृद्धिको निमित्त अनिवार्य रूपमा लिनुपर्ने GMCS तालिम मार्च १ देखि मार्च १८ सम्म संचालन भयो । २६ बिद्यार्थीहरू सहभागी रहेको उक्त तालिम दैनिक ३ सेसनमा संचालित थियो ।

उक्त तालिम पश्चात अन्य आवश्यक क्राइटेरिया पूरा गरिसकेको अवस्थाका बिद्यार्थीहरू संस्थाको सदस्यताको निमित्त योग्य मानिन्छन् ।

## लेखा प्राविधिज्ञ (Accounting Technician) परीक्षा सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखा प्राविधिज्ञको बढ्दो मागलाई परिपूर्ति गर्ने उद्देश्यले लेखा प्राविधिज्ञ कोर्षको संचालन गर्दै आइरहेको छ । बर्षमा दुई पटक मार्च तथा सेप्टेम्वरमा संचालन हुने लेखा प्राविधिज्ञको परीक्षामा २०१३ मार्चको अन्तिम परीक्षाको निमित्त पूर्व परीक्षा उत्तीर्ण भएका १५ जना परीक्षार्थीले आवेदन फारम भरेकोमा १४ परीक्षार्थीमात्र परीक्षामा सामेल भएका थिए । हाल यस कोर्ष प्रतिको आकर्षणका कारण बिद्यार्थीको चाप बढ्दै गईरहेको छ ।

## करीयर काउन्सलिङ्ग

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको बढदो चाहनालाई परिपूर्ति गर्न तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व बुझाउन संस्थाले देशको बिभिन्न भागका कलेजहरूमा नियमित रूपमा करीयर काउन्सलिङ्गको आयोजना गर्दै आईरहेको छ । यसै क्रमलाई नियमितता दिने क्रममा संस्थाले देशको पूर्वी तथा पश्चिमी क्षेत्रमा बिभिन्न मितिमा करीयर काउन्सलिङ्गको आयोजना गरेको थियो । देशको पूर्वी क्षेत्रमा अवस्थित प्लस टु तथा व्याचलर्स लेभलका कलेजहरूका बिद्यार्थीहरूलाई मध्यनजर गरी संस्थाका पार्षद तथा सदस्य सिए. सुरेश देवकोटाले श्रोत व्यक्तिको भूमिकामा करीयर काउन्सलिङ्गको संचालन गर्नुभएको थियो । बिराटनगर, इनरूवा, इटहरी तथा धरानमा संचालित करीयर काउन्सलिङ्गमा १००० भन्दा बढी बिद्यार्थी, अभिभावक तथा जिज्ञासुहरुको सहभागिता रहेको थियो ।

त्यसैगरी पश्चिमाञ्चल क्षेत्रमा फाल्गुण महिनामा संचालित करीयर काउन्सलिङ्गमा संस्थाका सदस्य तथा सह-प्राविधिक निर्देशक सिए. पुष्पेन्द्र सिंह र संस्थाका सदस्य सिए. सुरेश खकुरेलले श्रोत व्यक्तिको रूपमा कार्यक्रमको संचालन गर्नुभएको थियो । देशको पश्चिमी क्षेत्रमा अवस्थित प्लस टु तथा व्याचलर्स लेभलका कलेजहरूका बिद्यार्थीहरूलाई मध्यनजर गरी संचालित उक्त कार्यक्रममा बिद्यार्थी, अभिभावक तथा जिज्ञासुहरूको सहभागिता रहेको थियो । पोखरा, तनहु, स्याङ्जा, बाग्लुङ्, बेनी तथा कुश्ममा संचालित उक्त कार्यक्रममा २५०० भन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रममा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व बुझाउनुका साथै उक्त शिक्षा पश्चात प्राप्त गर्न सकिने संभावित पदस्थापन, संस्थाको सदस्यता, अन्तर्राष्ट्रिय मान्यताको समेत जानकारी प्रदान गरिएको थियो । संस्थाले यस प्रकारका कार्यक्रमहरू निकट भविष्यमा देशका अन्य भागमा समेत गर्ने लक्ष्य लिएको छ ।

# सदस्य तथा व्यवसायिक विकास विभाग सम्बन्धमा

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था सम्बन्धमा

१ श्रावण २०६९ देखि १८ चैत्र २०६९ सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको हालको स्थिति तथा नवीकरण स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ६४३ | ४५० | ५४७ | २३३ | ४५२ | २०२ |
| आरए. बी | ३३७१ | २१२६ | ३१२५ | १६०८ | ९०३ | ६८४ |
| आरए. सी | १६१२ | ९५० | १४७५ | ७९३ | ३१७ | २०७ |
| आरए. डी | २२९६ | १३९७ | २१०२ | १२४१ | २१३ | १५३ |
| कूल सदस्य | ७९२२ | ४९२३ | ७२४९ | ३८७५ | १८८५ | १२४६ |

# अन्तर्राष्ट्रिय

## साफाबोर्ड तथा एसेम्ब्ली मिटिङ्ग सम्बन्धमा

बंगलादेशको ढाकामा १२ जनवरी २०१३ मा भएको साफा बोर्ड मिटिङ्ग तथा साफा एसेम्ब्ली मिटिङ्गमा संस्थाको तीन सदस्यीय टोलीले भाग लियो । संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेको नेतृत्वमा गएको

उक्त टोलीमा संस्थाका उपाध्यक्ष सिए. महेश कुमार गुरागाईं तथा पार्षद आरए. डोल प्रसाद दाहाल रहनु भएको थियो ।

## अन्तर्राष्ट्रिय कन्फरेन्स सम्बन्धमा

ICAI ले २३ जेनवरी देखि २५ जनवरी २०१३ सम्म भारतको मुम्वईमा आयोजना गरेको अन्तर्राष्ट्रिय कन्फरेन्स "Accountancy Profession: Enablers of Economic Growth" मा नेपालको तर्फबाट ५ सदस्यीय टोलीले भाग लियो । संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले नेतृत्व गर्नु भएको उक्त टोलीमा संस्थाका पार्षदहरू सिए. अच्युत राज जोशी, सिए. नरेन्द्र भट्टराई, आरए. मोहन कुमार सुवेदी, तथा श्री सुकदेव खत्री सहभागी रहनु भएको थियो । कन्फरेन्समा Economic Relevance का विभिन्न शीर्षकमा बक्ताहरूले आफ्नो धारणा राख्नु भएको थियो । कन्फरेन्समा विश्वका १२७५ सदस्य तथा आगन्तुकहरूको सहभागिता रहेको थियो ।

## मलेसीयन ईन्स्टिच्युट अफ एकाउन्टेन्ट्ससंग छलफल



संस्थाका अध्यक्ष तथा कार्यकारी निर्देशक MIA का अध्यक्षका साथ ।

मलेसियामा २१ जनवरी २०१३ सम्पन्न मलेसीयन ईन्स्टिच्युट अफ एकाउन्टेन्ट्स (MIA) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था वीच भएको द्वीपक्षीय बार्तामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको तर्फबाट संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे तथा कार्यकारी निर्देशक सिए. विनय प्रकाश श्रेष्ठले भाग लिनु भएको थियो । मलेसीयन ईन्स्टिच्युट अफ एकाउन्टेन्ट्स (MIA) का अध्यक्ष श्री दातुक मोहमद नासिर अहमदसंग Mutual Recognition Agreement गरी अघि बढ्न तथा अन्य प्राविधिक सहयोगको लागि छलफल गर्नुभयो । सोही छलफल पश्चात Mutual Recognition Agreement तथा अन्य प्राविधिक सहयोगको लागि निकट भविष्यमा एक MOU गरी अघि बढ्ने सहमति समेत भयो ।

## साफा बोर्ड तथा कमिटी मिटिङ सम्बन्धमा

श्रीलंकामा २२ देखि २३ मार्च २०१३ सम्म संचालन भएको साफाबोर्ड मिटिङ, कमिटी मिटिङ तथा साफा विपिए अवार्ड बितरण कार्यक्रममा नेपालको तर्फबाट ४ सदस्यीय टोलीले भाग लियो । संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले नेतृत्व गर्नु भएको उक्त टोलीमा संस्थाका उपाध्यक्ष सिए. महेश गुरागाईं, भूतपूर्व अध्यक्ष सिए. सुवोध कुमार कर्ण तथा पार्षद सिए. प्रकाश लम्साल रहनु भएको थियो । उक्त कार्यक्रममा नेपालबाट विपिए अवार्डका लागि छानिएका बिभिन्न संस्थाहरूले मेरिट सर्टिफिकेट प्राप्त गर्न सफल भएका थिए । बिभिन्न समूहमा बितरण गरिएको उक्त अवार्ड प्राइभेट बैकिंङ्ग क्षेत्र तर्फ नविल बैंक तथा स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लि., नन् बैकिंङ्ग क्षेत्र तर्फ ल्किन ईनर्जी डेभलप्मेन्ट बैंक लि. तथा पब्लिक सेक्टर ईन्टिटी तर्फ कर्जा सूचना केन्द्रले उपाधी हात पार्न सफल भएका थिए ।

## ICAI का अध्यक्षसंग छलफल

संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले ICAI का अध्यक्ष सिए. सुवोध कुमार अग्रवालसंग छुट्टै भेट गरी दुई संस्था वीच Mutual Recognition Agreement गरी अघि बढ्न तथा अन्य प्राविधिक सहयोगको लागि छलफल गर्नु भयो । सोही छलफल पश्चात Mutual Recognition Agreement तथा अन्य प्राविधिक सहयोगको लागि हाल एक MOU गरी अघि बढ्ने सहमति समेत भयो ।

## रक्तदान कार्यक्रम सम्पन्न

रक्तदान जीवन दानको नारा सहित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १६औं वार्षिक उत्सवको अवसर पारेर नेपाल राष्ट्रिय कर्मचारी संगठन (नियोन) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स विद्यार्थी संगठन (एनकासा)को संयुक्त आयोजनामा ७ माघ २०६९मा संस्थाको प्राङ्गणमा रक्तदान कार्यक्रमको आयोजना भएको थियो । नेपाल रेडक्रस सोसाईटी, रक्त संचार सेवा केन्द्रको सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको शुभारम्भमा संस्थाका उपाध्यक्ष सिए. महेश कुमार गुरागाईंले रक्तदानको महत्व तथा उपदेयताको बारेमा आफ्नो धारणा राख्नु भएको थियो । संस्थाका अधिकांश कर्मचारीहरू तथा संस्थासंग आवद्ध बिद्यार्थी वर्गको उत्साह जनक सहभागिता रहेको उक्त कार्यक्रममा १०७ जनाले रक्तदान गर्नु भएको थियो ।

प्रापकको नाम र ठेगाना:

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
(Established under the Nepal Chartered Accountants Act, 1997)

बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०

फ्याक्स: ००९७७-१-४२५८५६८, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np

शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा